# आर.एम.डि.सि. बाट

# वित्तीय साक्षरता सम्वन्धी गोष्ठी सम्पन्न

रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेण्टर लि. (RMDC) काठमाण्डौंले सक्षम आयोजनाको सहकार्यमा वित्तीय साक्षरता पाठ्यक्रम निर्धारण सम्बन्धी १ दिने छलफल गोष्ठी गोकर्ण रिसोर्ट सुन्दरहरैचा मोरङमा मिति २०७४ भाद्र १८ गते सम्पन्न गरेको छ । उक्त छलफल गोष्ठीमा नेपालका पुर्वी क्षेत्रका १३ जिल्लाहरुमा रहेका सेण्टरका ४० वटा साझेदार लघुवित्त तथा सहकारी संस्थाहरुका ५० जना सहभागीहरुले भाग लिएका थिए । उक्त कार्यक्रमको संचालन सेण्टरका बरिष्ठ अधिकृत श्री भोला नाथ रेग्मीले गर्नु भएको थियो । गोष्ठीको उद्घाटन सेण्टरका प्रमुख कार्यकारी अधिकृत श्री ज्योतिचन्द्र ओझा ज्यूले गर्नु भएको थियो । उद्घान सत्रमा प्रमुख कार्यकारी अधिकृत ज्यूले सेण्टर तथा सेण्टरका साझेदार सस्थाले गरिबी निवारण र वित्तीय पहुँच पुऱ्याउन खेलेको भुमिकाको बारेमा चर्चा गर्दै समग्र वित्तीय लक्ष हासिल गर्न वित्तीय साक्षरता आवश्यक रहेको र समाजका हरेक तह र तप्काका व्यक्तिलाई सो आवश्यक रहेको बारेमा जोड दिनुभयो । सोही क्रममा उहाँले वित्तीय साक्षरताको लागि आवश्यक पर्ने पाठ्यक्रम निर्धारणको लागि सेण्टरले पहल गरिरहेको र आजको गोष्ठीमा घनिभूत छलफलमै उपयुक्त पठ्यक्रम निर्धारण हुने अपेक्षा समेत रहेको वताउनु भयो ।



यस गोष्ठीले छलफलबाट वित्तीय साक्षरताको पाठ्यक्रम निर्धारण गर्नेका साथै तालिम पुस्तिका विकास गरी सोको कार्यान्वयनवाट लघुवित्त तथा सहकारी कार्यक्रम सरल, सहज र वित्तीय समावेसीकरणलाई दिगोपना दिने लक्ष लिइएको छ । सो तालिम पुस्तकको वितरण पूर्व तालिमका प्रशिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम व्यवस्था गरिने समेत जानकारी कार्यक्रममा दिइएको थियो । गोष्ठीमा वित्तीय साक्षरताको परिचय, वित्तीय योजना, बचत, ॠण वितरण तथा

ऋणको सदुपयोगिता, वित्तीय अनुशासन, विप्रेषण रकमान्तर गर्ने तरिका, वित्तीय सम्झौता वार्ता आदि जस्ता विषयवस्तु कसरी तालिम पुस्तकमा समावेश गरिने बारे घनीभूत रुपमा छलफल भयो ।  गोष्ठी कार्यक्रमको सहजीकरण फिनलिट नेपालका कार्यकारी निर्देशक श्री प्रकाश कोइरालाले गर्नु भएको थियो ।



